# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

(डोरमुकाम झापा) अछाबे

Phone: [illegible]
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७४/७५

च.नं. ६०३

मिति: २०७४।११।

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यू,
अर्जुनधारा नगरपालिका,
झापा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।११।४ मा छलफल पश्चात् तयार गरिएको पाना ....... को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थ:**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

(भरत किशोर भट्टराई)
निर्देशक

आर्थिक प्रशासन शाखा
प्रमाणित गर्नुपर्ने बेरुजुको हकमा
आवश्यक कागजात तथा प्रमाण तयार
गर्ने तथा असुल उपर गर्नुपर्ने बेरुजुको
हकमा सम्बन्धित व्यक्ति तथा संस्थामा
तुरुन्त पत्राचार गरी असुल उपर गरी तोकिएको
समय भित्र लेखापरीक्षणको लागि पेश गर्ने व्यवस्था
द.१३२१

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

अर्जुनधारा नगरपालिका, झापा ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|

**परिचय-** संघीय संरचना अनुसार केन्द्रमा रहेको अधिकारलाई विकेन्द्रित गरी स्थानीय निकायलाई सुदृढ गरी विकास निर्माण र जनताको सेवा सुविधाको पहुंच पुऱ्याउने गरी संविधानको भावनलाई कार्यान्वयनमा ल्याउनु मूल उद्देश्य रहेको छ । नगरपालिकामा प्रमुख कार्यकारी समेत जना कर्मचारी कार्यरत रहेका छन् ।

१ **पूंजीगत कार्यक्रम तर्फ :** निम्नानुसारका कार्यक्रम संचालन रोलर, ट्र्याक्टर भाडाको भरपाई अनुसार उपभोक्ता समिति मार्फत काम गराउंदा सञ्जिव सापकोटालाई रकम भुक्तानी गरेकोमा कर विजक पेश गरेको देखिएन । आयकर ऐन २०५८ अुनसार कर विजक पेश नभएकोमा १० प्रतिशतले लाग्ने कर रु. २,४५,४६०। कट्टी नगरी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ ।

| गो.भौ.नं. | मिति | व्यहोरा | भुक्तानी रकम | १०% कर |
|---|---|---|---|---|
| १६१ | २०७४.३.३० | मिलनचौक धाईजन सडक निर्माण रोलर भाडा | ३७५००० | ३७५०० |
| १६१ | २०७४.३.३० | मिलनचौक धाईजन सडक निर्माण ट्र्याक्टर भाडा | ३८७५०० | ३८७५० |
| १२३ | २०७४.३.७ | ६३९ ट्र्याक्टर ट्रिप | १६९२१०० | १६९२१० |
| | | | २४५४६००.०० | २४५४६० |

२ १७०-२०७४।३।३० नगर परिषद्को निर्णय अनुसार घरधुरी कर उठाउनको लागि महिला स्वयंसेविकालाई प्रयोग गरिएको र घरधुरी कर असुली गरेको रकमको ३० प्रतिशतले हुने रकम खाजा तथा खानाको लागि प्रोत्साहन भत्ता वापत रु. ४१८३८४।०० भुक्तानी भएकोमा आयकर ऐन २०५८ अनुसार १५ प्रतिशतले लाग्ने करकट्टी नगरी भुक्तानी दिएको रु. ६२७५७६० असुल गर्नु पर्दछ ।

३ **आन्तरिक आय :** आर्थिक ऐन २०७३ अनुसार घरजग्गा कर असुल गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष घरजग्गा कर असुल गर्ने प्रणालीको विकास नगरेको कारणबाट घरजग्गा कर असुल हुन सकेको छैन ।

यस वर्ष घरधुरी कर लगायतका आय आर्जनमा नगदी रसिदको प्रयोग गरेको देखिन्छ । रसिद नियन्त्रण नराखेको कारणबाट के कति रसिद आम्दानी भयो त्यसको यकिन गर्ने आधार देखिएन । यसबाट आतरिक आय समेत यकिन हुन सकेन ।

४ **नगद मौज्दात :** कार्यालयले आन्तरिक आय असूली तर्फ असूल गरेको रकम मध्ये देहाय वमोजिमका कर्मचारीको जिम्मामा रहेको नगद मौज्दात बैंक दाखिला नगरी नगद नै राखेको देखियो । उक्त रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ३०६४ अनुसार आवश्यक कारवाही गरी रु. ९,६८,४९७ असूल गर्नु पर्दछ ।

| कर्मचारीको नाम | नगद वांकी रकम |
|---|---|
| केसव निरौला | २१३०९।०० |
| कृष्णवहादुर श्रेष्ठ | ६९०३।०० |
| मुना सुवार निरौला | ३१०६१९।०० |
| राज विक्रम खड्का | ३२१०९६।०० |
| सस्मिता लुइटेल | ५३७७७।०० |
| बसन्त वुढाथोकी | १७१३०५।०० |
| कृष्ण नेपाल | ३९६५२।०० |
| सुरज राजवंशी | २२८१०।०० |
| लक्ष्मी प्रसाद तिम्सिना | २१०२६।०० |
| जम्मा | ९६८४९७।०० |

५ १६४-२०७४।३।३० सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अुनसार सार्वजनिक निकायले १० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको वडा नं.-४, ६, ८ लगायका वडाहरुमा सौर्य बत्ति जडान कार्यक्रमको लागि १६२ विद्युत पोल निर्माण, ढुवानी तथा जडानको लागि सिप्रदी काठमाण्डौंको विल अनुसार रु. ५२८९७,६०।०० भुक्तानी दिएको देखिन्छ । उक्त निर्माणको लागि ३५ दिनको सूचना प्रकाशन गरी सूचितकृत गरेका संस्था मध्ये सिप्रदी नेपालबाट गराएकोमा नियमावली अनुसार बोलपत्र आव्हानको सूचना निकाली सवैभन्दा घटीदातासंग निर्माण कार्य गराउनु

पर्नेमा उपभोक्ता समितिबाट सोझै काम गराउंदा प्रतिष्पर्धालाई सिमित हुने गरी भएको काम नियमित देखिएन ।

६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षमा गर्ने कामको वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन । त्यसैगरी सार्वजनिक खरिद ऐन २०६३ बमोजिम खरिद इकाई समेत गठन गरेको देखिएन ।

७ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ (१) अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्या अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा कतिपय खरिद मुल्य अभिवृद्धि कर कार्यालयमा दर्ता नभएकासंग पनि गराएको देखिन्छ । मुय अभिवृछिद्ध कर कार्यालयमा दर्ता भएका संस्थाबाट आथिक कारोवार गर्नुपर्दछ ।

८ **जिन्सी निरीक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ बमोजिम मिति २०७३ चैत महिना देखिको लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ । यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण नगरेकोले जिन्सीको अवस्था मूल्यांकन गर्न सकिएन । नियमानुसार जिन्सी निरीक्षण हुनु पर्दछ ।

९ निम्नानुसारका कर्मचारी तथा संस्थाको नाममा रहेको चालु पेश्की रु. १७,१५,०००। स्थानीय आर्थिक प्रसासन सम्वन्धी नियमावली, २०६४ अनुसार फछ्यौंट गर्नु पर्दछ ।

| | |
|---|---|
| वसन्त बुढाथोकी | १,००,०००। |
| जे.एण्ड जे.निर्माण सेवा | १४,००,०००। |
| डेन्जनी आचार्य | १५,०००। |
| देवी डांडा निर्माण सेवा | २,००,०००। |
| जम्मा | १७,१५,०००। |

१० कार्यालयले दिएको पेश्की बांकीको विवरण अनुसार गत वर्षको पेश्की रु. १०,९५,७०७ असूल गर्नु पर्दछ ।

## साविक खुदुनावारी गाविस

कार्यालय प्रमुख :- तुलसीप्रसाद खतिवडा
लेखा प्रमुख :- चुडामणी खनाल

| गत आर्थिक वर्षसम्मको मौज्दात | यस आ.व.को आम्दानी | जम्मा आम्दानी | यस आ.व.को खर्च | श्रेस्ता अनुसार वांकी |
|---|---|---|---|---|
| ४०७३२/७२ | २१४६७०७३/- | २१५०७८०५/७२ | १५२२९६६५/- | ६२७८१४०/७२ |

| दफा नं | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| ११ | **सुपरिवेक्षण तथा अनुगमन :** स्थानीय निकाय श्रोत परिचालनतथा व्यवस्थापन कार्यविधि, २०६९ को बुंदा ३३ र ३४ मा अनुगमन तथा सुपरिवेक्षणगर्नु पर्ने व्यवस्था छ । गा वि स अन्तर्गत संचालित योजनाको अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ । |
| १२ | **संचित कोष खाता :** गाउंपालिकाले संचित कोष खाता अद्यावधिक नगरेकोले शीर्षकगत आम्दानी यकिन गर्न नसकिने भएकोले खाता अद्यावधिक हुन पर्दछ । |
| १३ | **कन्टेन्जेन्सी खर्च-** स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टेन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना गाउं परिषदबाट स्वीकृत गराई कन्टेन्जेन्सी खाताबाट खर्च व्यवस्थित गर्नु पर्ने व्यवस्था छ । कन्टेन्जेन्सी खातामा रकम जम्मा गरी सम्बन्धित उपशर्षिकबाट खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको कार्य योजना वनाइ कार्ययोजना अनुसारको कन्टिन्जेन्सी खर्च लेख्नु पर्नेमा सोझै खर्च लेखिएको छ । |
| १४ | **जिन्सी निरीक्षण-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ बमोजिम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा एक पटक आफैले निरीक्षण |

गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाइ त्यसको प्रतिवेदन लिखित रुपमा लिनु पर्ने व्यवस्था छ। यस कार्यालयले वार्षिक जिन्सी निरीक्षण गरेको।

१५ **गतविगतको र चालु पेश्की बाकी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम दिएको पेश्की तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ। गत विगतको म्याद नाघेको पेश्की रु.५३९१४।- र चालुको २०००००।०० गरी जम्मा रु २५३९१४।०० नियम अनुसार फछ्र्यौट हुनु पर्दछ।

१६ **गत विगतको ठेका आय बांकी :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ बमोजिम मिलन कुइकेलको नाममा रहेको आय बक्यौता रु. १३,४८०। असूल गर्नु पर्दछ।

१७ सासु कर दाखिल भौचर भौ न. ४८ र मिति २०७३/११/१४ मा रकम १०३७७ जम्मा गरेको २०७३ माघ मसान्तसम्मको र २०७३ फागुन मसान्तसम्मको सासु कर रु १४४३। र अग्रिम आयकर ६०४५।०० दाखिला गर्नु पर्दछ।

## स्रोत उपयोग र उपलब्धिको विवरण

| क.स. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १ | यस वर्षको आम्दानी | १५४२६२३८४.०० | बजेट खर्च | १२७५३१४१९.०० |
| २ | कर्मचारी संख्या | | स्थानीय तहको आम्दानी | २६७३०९६५.०० |
| ३ | भौतिक पूर्वाधार: | | धरौटी आम्दानी | |
| | • भवन संख्या | | कार्यक्रम उपलब्धि | |
| | • सवारी साधन संख्या | | • पञ्जिकरण कार्य, सिफारिस, नगर स्वास्थ्य | |
| | | | | |

बेरुजू वर्गीकरण

| क.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | १,२,४,१४,१६,१७ | १२९५,६८२.६० |
| २ | नियमित गर्नुपर्ने | | ० |
| | • अनियमित भएको | ५ | ५२८९,७६०.०० |
| | • प्रमाण कागजात पेस नभएको | | ० |
| | • जिम्मेवारी नसारेको | | ० |
| | • शोधभर्ना नलिएको | | ० |
| ३ | पेश्की: | | ० |
| | • कर्मचारी | | ० |
| | • मोबिलाइजेसन | | ० |
| | • प्रतीतपत्र | | ० |
| | • संस्थागत | ९,१०,१५ | ३०६४,६२१.०० |
| ४ | सैद्धान्तिक | ३,६,७,८,१०,१२,१३, १४ | ० |
| | जम्मा | | ९,६५०,०६३.६० |

*द्रष्टव्य: कार्यान्वयन गर्नुपर्ने र रकम खुल्ने दफालाई लगति र अन्य दफालाई सैद्धान्तिक बेरुजू कायम गरिएको छ।*

# आर्थिक कारोबारको स्थिति

| आयतर्फ | रकम | रकम | व्ययतर्फ | रकम | रकम |
|---|---|---|---|---|---|
| गतवर्षको मौज्दात | | ६२२२६३६७.०० | कुल चालु खर्च (ग-२/१) | | १०७४६९०८१.०० |
| बैंक मौज्दात | ६०५११५३६.०० | | कुल चालु खर्च (ग-२/२) | | ०.०० |
| - ग-४/१ चालु खाता | ३८८७८९००.०० | | खुदुनाबारी तर्फको व्यय | | १२९८९०४६.०० |
| - ग-४/२ पूँजीगत खाता | १०५९७६९७.०० | | सडक बोर्ड नेपाल | | २००००००.०० |
| - ग-४/३ आन्तरिक आय | ५२८३६७०.०० | | संघीय संरचना | | ४७४५११८.०० |
| - ग-२/१ चालु खाता | ११५६०१६.०० | | LGCDP चालु अनदान | | ३२८१७४.०० |
| - ग-२/२ पूँजीगत खाता | १२४५११.०० | | अन्तिम मौज्दात | | २६७३०९६५.०० |
| - ग-३ धरौटी खाता | ३७११५२५.४२ | | बैंक मौज्दात | २५७६२४६८.०० | |
| - आन्तरिक आय (एक्सेल बैंक) | ६८७७४२.५८ | | - ग-४/१ संचित कोष खाता | १३६९२३८१.०० | |
| - दैवी प्रकोप खाता | ७१४७४.०० | | - ग-५/१ कर्मचारी कल्याण कोष | १५०९४८५.०० | |
| नगद मौज्दात | १७१४८३१.०० | | - ग-५/२ मर्मत सम्भार कोष | ०.०० | |
| लक्ष्मीप्रसाद तिम्सिना | २१०२६.०० | | - ग-५/४ प्रकोप व्यवस्थापन कोष | ६५४७९.०० | |
| - केशव निरौला | २१३०९.०० | | - ग-५/६ वातावरण विकास कोष | १०१४६५१.०० | |
| - कृष्णबहादुर श्रेष्ठ | ६९०३.०० | | - ग-५/७ महिला तथा बालबालिका कोष | ०.०० | |
| - मुना सुवार निरौला | १८७७४४.०० | | - ग-३ धरौटी खाता | २२२८३६३.०० | |
| - राजविक्रम खड्का | १४३९२२१.०० | | - ग-२/१ चालु खाता | ०.०० | |
| - सस्मिता लुईटेल | ३८६२८.०० | | - ग-२/२ पूँजीगत खाता | ०.०० | |
| आन्तरिक आय | | ६६४२५३६.०० | - आन्तरिक आय (एक्सेल बैंक) | ७२५२१०९.०० | |
| नेपाल सरकार आय | | ५५०७९०००.०० | नगद मौज्दात | ९६८४९७.०० | |
| - संघीय संरचना | १००००००००.०० | | - लक्ष्मीप्रसाद तिम्सिना | २१०२६.०० | |
| - नगरपालिका अनुदान | २९९५८०००.०० | | - केशव निरौला | २१३०९.०० | |
| - नगर क्षेत्र पूर्वाधार विकास का. | ७३६६०००.०० | | - कृष्णबहादुर श्रेष्ठ | ६९०३.०० | |
| सामाजिक सुरक्षा | ६३०००००.०० | | - मुना सुवार निरौला | ३१०६१९.०० | |
| - LGCDP चालु अनदान | १४५५०००.०० | | - राजविक्रम खड्का | ३२१०९६.०० | |
| धरौटी खाता | | २२२८३६३.०० | - सस्मिता लुईटेल | ५३७७७.०० | |
| अन्य विविध आय | | २८१५३३९.०० | - वसन्त बुढाथोकी | १७१३०५.०० | |
| जिविस योजनागत | | ५८५०००.०० | - कृष्णा नेपाल | ३९३५२.०० | |
| खुदुनाबारी तर्फको आय | | २३१३०८२४.०० | - सरजा राजवंशी | २२८१०.०० | |
| मालपोत रजिष्ट्रेशन शुल्क | | २५५४९५५.०० | | | |
| जम्मा | | १५४२६२३८४.०० | जम्मा | | १५४२६२३८४.०० |